आज मिति २०८३ साल असोज २१ गते बुधबारका दिन विहान ११.०० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको बैठक का.वा. नगर प्रमुख श्री निराजन जंगमज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा साठीऔं बैठक बस्यो ।

उपस्थिति

| सि.नं | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | का.वा. नगर प्रमुख | श्री निराजन जंगम | |
| २ | वडा अध्यक्ष | श्री सन्त बहादुर लामा | |
| ३ | वडा अध्यक्ष | श्री अर्जुन न्यौपाने | |
| ४ | वडा अध्यक्ष | श्री गणेश आचार्य | |
| ५ | वडा अध्यक्ष | श्री उत्तम प्रसाद तिमल्सिना | |
| ६ | वडा अध्यक्ष | श्री प्रमोद सुन्दर श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री संजय कोजु | |
| ८ | वडा अध्यक्ष | श्री रोमी प्रसाद श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री विनोद गौतम | |
| १० | का.वा. वडा अध्यक्ष | श्री बालकृष्ण गौतम | |
| ११ | वडा अध्यक्ष | श्री गोविन्द प्रसाद उपाध्याय | |
| १२ | वडा अध्यक्ष | श्री नारायण प्रसाद बडाल | |
| १३ | वडा अध्यक्ष | श्री मोहन प्रसाद लामिछाने | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सिता पराजुली | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री सन्जु तामाङ | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री सजना खड्गी | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री मिरु कुमारी भण्डारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्टराई (काफ्ले) | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री रत्न कुमारी सेवा | |
| २० | नगर कार्यपालिका सदस्य | श्री राम सुन्दर सुन्दास | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री सुमी भुजेल | |
| २२ | सचिव | श्री मोहन प्रसाद मरासिनी | |

६० औं कार्यपालिका बैठकको एजेण्डाहरु

१. ५९ औं कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा,

२. धुलिखेल स्पा एण्ड वेलनेश प्रा.लि. (जे.एन.लामा) संगको सम्झौता खारेजी (सपिङ्ग कम्प्लेक्स भवन पहिलो र दोस्रो तला) तथा नयां ठेक्का सम्वन्धमा ।

३. रिक्त पदमा शिक्षक सरुवा अनमोदन सम्वन्धमा ।

४. इञ्जिनियर्स विदाउट बोर्डरसँग सहकार्य गर्न अनुमति दिने सम्बन्धमा ।

५. मेरो हरियो नेपाल (Love Green Nepal) को सहकार्यमा विद्यालयमा निर्माण हुने ई-लाइब्रेरी भवनको मोडेल सम्वन्धमा ।

६. निर्देशिका, कार्यविधि तथा मापदण्डहरू स्वीकृत गर्ने सम्बन्धमा,

क. धुलिखेल नगरपालिकाको आधिकारिक युट्युव च्यानल (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि २०८३,

ख. धुलिखेल-कुशल सीप अभिबृद्धि परियोजना सञ्चालन निर्देशिका-२०८३,

ग. अनुगमन तथा सुपरीवेक्षण सम्वन्धी कार्यविधि २०८३ ।

७. विविध सम्बन्धमा ।

क. धुलिखेल नगरपालिकाको फोहरमैलाको दिगो र प्रभावकारी ब्यबस्थापनका लागि नीति तर्जुमाका लागि सस्थासँग सहकार्य गर्ने सम्बन्धमा,

ख. उपभोक्ता समिति दर्ता कार्यविधि संसोधन गर्ने सम्बन्धमा,

ग. LGPASS मा प्राप्त अंक अनुमोदन सम्बन्धमा,

घ. कभर्डहालको ठेक्का रकम भेरिएसन सम्बन्धमा,

ङ. करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धगर्ने सम्बन्धमा,

च. अदालतको आदेश कार्यान्वयन सम्बन्धमा,

छ. विपद राहत सम्बन्धमा,

ज. भू उपयोग क्षेत्र बर्गिकरण सम्बन्धमा,

झ. शिर मेमोरियल अस्पाताल संग सम्झौता गर्ने सम्बन्धमा,

६० औं कार्यपालिका बैठकमा पेश भएका एजेण्डा/प्रस्तावमा छलफल गरी सर्वसम्मत रुपमा देहायका निर्णयहरु गरियो ।

१. नगरकार्यपालिकाको ५९औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समीक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयको सम्बन्धमा शिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

२. धुलिखेल नगरपालिकाको स्वामित्वमा वडा नम्बर ६ मा रहेको सपिंग कम्प्लेक्सको घर भाडा सम्बन्धि मिति २०७८.१२.७ को कार्यपालिका बैठकको निर्णय बमोजिम श्री धुलिखेल स्पा एंड वेलनेस प्रा.लि र कार्यालय बीच मिति २०७९.४.१५ मा सपिंग कम्प्लेक्सको पहिलो र दोश्रो तला १० बर्षका लागि घर

व्याख्यालाई मुख्य आधार लिइ नगरपालिकाले प्राथमिक तहको रिक्त शिक्षक पदमा विषयगत माथिल्लो योग्यतालाई आधार मानी विद्यालयको आवश्यकतामा विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको शिक्षकलाई धुलिखेल शिक्षा ऐन, २०७६ को दफा ३४ बमोजिम अन्यत्र स्थानीय तहबाट समेत सरुवा व्यवस्थापन गर्दै आइरहेको र हाल नगरपालिकाले लिएको शिक्षक सरुवा सम्बन्धी विषयगत आधारको नीतिले गर्दा शैक्षिक गुणस्तरमा सुधार भइ सबै तहको विद्यार्थीको नतिजामा सुधार भएको, शैक्षिक सत्र २०८२ को एसइइ नतिजामा ९९.०१ प्रतिशत उत्तीर्ण (औसत जिपिए ३.२४ सहित) भइ काभ्रेपलाञ्चोक जिल्लाकै उत्कृष्ट नतिजा हासिल गरेको, नेपालको संविधान २०७२ को अनुसूचि ८ को स्थानीय तहको एकल अधिकार सूचिमा रहेको २२ ओटा अधिकार मध्ये आधारभूत र माध्यमिक शिक्षा रहेको र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँ/नगर सभाले बनाएको कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था संविधानको धारा ५७ को उपधारा (४) मा रहेको हुँदा संविधान प्रदत्त अधिकार र कर्तव्य पालना र कार्यान्वयन गर्न नगर सभाले धुलिखेल शिक्षा ऐन २०७६ जारी गरेको उक्त ऐनको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलासबाट व्याख्यासमेत भएकोले सोही आधारमा मिति २०८३।०३।१० को नगर सभाले साविकमा धुलिखेल शिक्षा ऐन २०७६ को दफा ३४ बमोजिम गरिएको शिक्षक सरुवा पदस्थापन निरन्तर गर्ने निर्णय भएको हुँदा यस नगरपालिकाको नीति नियम अनुसार तपसिलबमोजिम रिक्त शिक्षक पदमा तपसिलका शिक्षकहरुलाई शाखाबाट गराइएको विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न अतिरिक्त समय योगदान,विद्यालयको आवश्यकता अनुसार माथिल्लो तहमा समेत विषयगत शिक्षण गर्ने प्रतिबद्धता तथा कबुलियतनामा समेतका आधारमा विद्यालयले थप कार्यसम्पादन सम्झौता गरिगराइ कामकाज लगाउने गरी सरुवा तथा पदस्थापन गर्ने सम्बन्धमा सिक्षा समितिको मिति २०८३.६.२१ को निर्णय अनुमोदन निर्णय गरियो ।

| क्र सं. | शिक्षक कर्मचारीको नाम थर | तह, श्रेणी, र शुरु नियुक्ति मिति | अध्ययन् अध्यापन गर्ने विषय र विशेष तालिम | साविक विद्यालय र सरुवा भै जान सहमति दिइएको निर्णय मिति | सरुवा पदस्थापन गरिएको विद्यालय र सरुवा भै आउन सहमित दिएको निर्णय मिति | स्थानीय तहको सरुवा भै जान सहमति दिएको च.नं. र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | श्री प्रिया तामाङ (१७९६००) | प्राशि तृ स्थायी २०७६।०८।०२ | गणित/ नेपाली, एमजीएमल प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त, नेपाली भाषामा स्नातक तह | श्री नमोबुद्ध प्राथमिक विद्यालय, कुरगाउँ नमोबुद्ध ११ काभ्रेपलाञ्चोक (विव्यसको निर्णय मिति २०८३।०५।०८) | श्री हनुमान मावि पाल्लेखेत धुनपा ११ (विव्यसको निर्णय मिति २०८३।०६।०४) | नमोबुद्ध नगरपालिकाको च.नं. ४२५ मिति २०८३।०५।२६ को पत्र | प्राशि द्वि श्री ढकल प्रसाद धितालको अनिवार्य अवकास भै रिक्त पदमा |
| २. | श्री नारायण प्रसाद चौलागाईं (१८२४२२) | प्राशि तृ स्थायी २०७६।०८।०२ | गणित विषयमा स्नातक तह | श्री सरस्वती माध्यमिक विद्यालय, सालिमे छेडा, चौरीदेउराली ४ काभ्रेपलाञ्चोक(विव्यसको निर्णय मिति २०८३।०५।११) | श्री कालीदेवी मावि डाँडागाउँ धुनपा ११ (विव्यसको निर्णय मिति २०८३।०६।०८) | चौंरीदेउराली गाउँपालिकाको च.नं. २५४ मिति २०८३।०५।११ को पत्र | प्राशि तृ विदुर सापकोटाको पनौती नपा अन्तर्गत सरुवा भै रिक्त पदमा |

क. धुलिखेल नगरपालिकाको आधिकारिक युट्युब च्यानल (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि २०८३,

ख. धुलिखेल-कुशल सीप अभिबृद्धि परियोजना सञ्चालन निर्देशिका-२०८३,

ग. अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी कार्यविधि २०८३ ।

७. बिबिध

क. धुलिखेल नगरपालिकाको फोहरमैलाको दिगो र प्रभावकारी ब्यवस्थापनका सन्दर्भमा आवश्यक नीति, कानुन तथा मार्गदर्शन तर्जुमा गर्न आवश्यक आर्थिक तथा प्राविधिक बिषयमा सहजीकरण गर्न इच्छा देखाई Institute for future नामक गैर सरकारी सस्थाले पत्र पठायको र सोहि बिषयमा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी विच मिति २०८३.६.१४ गते एक चरणको छलफल समेत भएकोले थप कार्यका लागि नगरपालिका र उक्त सस्था बीच समझदारी पत्रमा सम्झौता गरि सहकार्य गर्ने निर्णय गरियो ।

ख. धुलिखेल नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा ब्यबस्थापन सम्बन्धि कार्यविधि २०७७ मा संसोधन गर्ने निर्णय गरियो ।

ग. स्थानीय तह कार्यसम्पादन मूल्यांकन सूचकांक (LGPASS) को मूल्यांकन अन्तर्गत आर्थिक वर्ष २०८२।०८३ मा धुलिखेल नगरपालिकाले ६३ अंक प्राप्त गरेको हुनाले प्राप्त अंकलाई अनुमोदन गर्ने निर्णय गरियो ।

घ. ठेक्का नं. DMO/NCB/WORKS/2082/83/03, "CONSTRUCTION OF COVERED HALL" निर्माण कार्यका लागि Lopchan Construction Pvt. Ltd., Chabahil, Kathmandu सँग सम्झौता भई कार्यान्वयन भइरहेकोमा लागत अनुमान गर्दाका बखत उपलब्ध जानकारी तथा प्रारम्भिक Site condition का आधारमा यथार्थ रूपमा पूर्वानुमान गर्न नसकेकोले केहि कार्यहरु BOQ मा उल्लेखित परिमाणभन्दा बढी हुन गएको र केहि नयाँ कार्यहरु समेत थप भएकोले उक्त निर्माण कार्यको सम्झौताको आधारमा १३.०४% बढ्ने देखिएकोले सो बराबरको थप रकम रु. १६,७४,८४३.९७ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियामावली, २०६४ नियम ११८ मा व्यवस्था भए अनुसार भेरीएसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

लगायतमा पुनः छलफल र सुझाव सङ्कलन गरी नगर शिक्षा समिति र नगरकार्यपालिकामा पेश गर्ने निर्णय ।

ङ. शिक्षा विकास तथा समन्वय एकाईको विभिन्न मितिको परिपत्र (च.नं. १२५ मिति २०८३।०५।०५को सन्दर्भमा) शिक्षक सरुवा सम्बन्धी विषयमा सरुवा निर्णयमा उल्लेख भएका आधार र अभ्यास, सम्मानित सर्वोच्च अदालतको रिट नं ०७८-wc-००२४ मिति २०७९।०३।२४ को संवैधानिक इजलासको फैसला खण्डको बुँदा नं १९ को धुलिखेल शिक्षा ऐन २०७६ को दफा ३४ को शिक्षक सरुवा सम्बन्धी दफा र प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि नेपालको संविधान र शिक्षा ऐन, २०२८ सँग सुसंगत नै रहेको भन्ने व्याख्यालाई मुख्य आधारमानी गरिएको शिक्षक सरुवा व्यवस्थापन तथा योग्यता पुगेको प्रधानाध्यापक नियुक्ति यथावत रहने, नगर सभाको मिति २०८३।०३।१० को निर्णयानुसार नै हुने र संघीय शिक्षा ऐन जारी भए पश्चात् सोही बमोजिम हुने गरी व्यवस्थापन मिलाउने निर्णय ।

४. यस नगरपालिका अन्तर्गतका विद्यालयहरुमा ई-ल्याबको स्थापना गरी विद्यार्थीहरुको सिर्जनशिलता, समालोचनात्मक सोच र समस्या समाधान गर्ने, हातैले गरेर सिक्ने अभ्यास गराउने, नयाँ खोज, प्रयोग र विचारको विकास गर्न, समस्या पहिचान, अनुसन्धान, विचार विकास, डिजाइन, परीक्षण र सुधारको चरणबद्ध प्रक्रिया अगाडि बढाइ मेकर स्पेश स्थापना गरी विद्यार्थीहरुलाई नव प्रवर्तन र सिकाइ यात्रा सहज बनाउनका लागि नव प्रवर्तनको क्षेत्रमा काम गरेको, श्री सञ्जीवनी मावि धुलिखेलमा पहिले नै कार्यसम्पादन गरिसकेको संस्था इञ्जिनियर्स विदाउट बोडर्स नेपालको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव पेश भएको र विनियोजन ऐन, २०८३ मा इन्जिनियर्स विदाउट बोर्डर्स नेपालको नवप्रवर्तन, प्रविधि र सेवामा आधारित सिकाइका लागि रु ६ लाख रकम विनियोजन भएको हुँदा संस्थाको तर्फबाट (प्राविधिक र वौद्धिक) सहयोग हुनेगरी श्री पूर्ण सञ्जीवनी लङ्घनामाई मावि धुलिखेलमा सहकार्यमा कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्ने र कार्यक्रम सञ्चालनको विस्तृत विवरण सम्झौतामा उल्लेख गर्ने निर्णय गरियो ।

५. यस नगरपालि अन्तर्गतका विद्यालयहरुमा प्यारो हरियो (Love Green Nepal) नेपाल नामक संस्थाले विद्यालय भवन निर्माण गरी भौतिक पूर्वाधारको क्षेत्रमा सहयोग गर्नेगरेको र हालसालै दुईओटा विद्यालयमा एक कोठे भवनसहितको ई लाइब्रेरी स्थापना गरिसकेको र लाइब्रेरी भवन निर्माण गर्न भवनको इञ्जिनियरिङ ड्रइङ्ग डिजाइन सहित नक्सा पासको लागि नगरपालिकामा पेश हुने गरेको तर विद्यालयहरुको नाममा जग्गा नहुँदा भवनको नक्सा पासमा समस्या हुने गरेकोले सबै विद्यालयहरुको लागि उपयुक्त हुनेगरी भौतिक पूर्वाधार तथा शहरी विकास शाखाले भेरिफाई गरेको एक कोठे इ-लाइब्रेरी भवनको मोडेल पास गरी प्यारो हरियो नेपालको सहयोगमा निर्माण हुने लाइब्रेरी भवन निर्माण गर्न सबै विद्यालयमा सोही मोडेल लागू गर्ने निर्णय गरियो ।

६. देहायका निर्देशिका, कार्यविधि तथा मापदण्डहरू स्वीकृत गर्ने निर्णय गरियो ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | श्री उत्तम तिमल्सिना (१७०२६७) | प्राशि तृ स्थायी २०७९।१२।२३ | गणित विषयमा स्नातक तह | श्री सातमुल माध्यमिक विद्यालय, बोहोरे, नमोबुद्ध ५ काभ्रेपलाञ्चोक (विव्यसको निर्णय मिति २०८३।०६।१५) | श्री करथरी मावि काभ्रे धुनपा ९ (विव्यसको निर्णय मिति २०८३।०६।०९) | नमोबुद्ध नगरपालिकाको च.नं. ५७० मिति २०८३।०६।१९ को पत्र | प्राशि द्वि श्री हरि बहादुर अधिकारीको अनिवार्य अवकास भै रिक्त पदमा |

ख. तपसिलका विद्यालयमा रिक्त रहेका शिक्षक तथा कर्मचारी तत्काल पदपूर्ति गर्न नगरपालिका कार्यालयबाट विभिन्न मितिमा भएका देहायका शिक्षक सरुवा/पदस्थापन र दरबन्दी व्यवस्थापन अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र सं. | शिक्षक कर्मचारीको नाम थर | तह, श्रेणी, विषय | साविक विद्यालय | सरुवा पदस्थापन गरिएको विद्यालय | निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्री विकास कुमार सापकोटा (सङ्केत नं २१०२३७) | प्राशि तृ स्थायी | श्री तपेश्वर मावि ठाडाकोल, मण्डनदेउपुर, काभ्रेपलाञ्चोक | श्री सेतीदेवी मावि रवि धुनपा २, काभ्रेपलाञ्चोक | २०८३।०३।११ | प्राशि द्वि श्री शम्भु गेलालको अनिवार्य अवकास भइ रिक्त पदमा |
| क्र सं. | शिक्षक कर्मचारीको नाम थर | तह, श्रेणी, विषय | साविक विद्यालय | सरुवा पदस्थापन गरिएको विद्यालय | निर्णय मिति | कैफियत |
| २. | श्री देवकी भट्टराई (सङ्केत नं १९१५५५) | प्राशि तृ स्थायी | श्री पञ्चकन्या मावि चोलामाथ, धुनपा ३, काभ्रेपलाञ्चोक | श्री हनुमान माध्यमिक विद्यालय, धुनपा-११, काभ्रेपलाञ्चोक | २०८३।०५।२५ | प्राथमिक तहको दरबन्दीसहित पञ्चकन्या माविको प्राशि दरबन्दी १ एक कट्टा गरिएको |
| ३. | रिक्त निमा शिक्षण सहयोग नगर अनुदानकोटा | निमाशि विज्ञान | श्री हनुमान माध्यमिक विद्यालय पाल्लेखेत धुनपा ११ | श्री पञ्चकन्या मावि चोलामाथ, धुनपा ३, काभ्रेपलाञ्चोक | २०८३।०५।२५ | हनुमानको निमा नगर अनुदान कोटा १ एक कट्टा गरिएको र श्री पञ्चकन्या माध्यमिक विद्यालय, चोलामाथमा हेल्प नेपाल नेटवर्कको आर्थिक सहयोगमा हाल न्यून पारिश्रमिकमा माध्यमिक तहको कक्षा ९ सम्म विज्ञान विषय अध्यापन गराइरहनुभएका शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको निर्णयबाट समायोजन/व्यवस्थापन गर्न विद्यालयलाई अनुमति दिइएको । |

ग. आव २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रमले आवासीय विद्यालय विकासका लागि छात्रावास सञ्चालनको व्यवस्था मिलाइनेछ भन्ने तय भएको र उक्त नीति कार्यान्वयनको लागि तत्काललाई सञ्जीवनी माध्यमिक विद्यालयको छात्रावास भवनमा छात्रावास सञ्चालन गर्न आवासीय छात्रावास सञ्चालन कार्यविधिको मस्यौदा छात्रावास सञ्चालन गर्ने विद्यालयहरुको समेत राय सुझाव लिइ शाखाले तयार गर्ने र सामाजिक विकास समिति लगायत विधायन समितिमा छलफल गरी/गराइ नगर कार्यपालिकामा पेश गर्ने निर्णय।

घ. गत आवमा तयार भएको नगर शिक्षा योजना नगरपालिकाको आवधिक योजनाको क्षेत्रगत योजनासँग तादात्म्य हुने गरी अद्यावधिक गर्ने निर्णय गरियो । योजना निर्माण तथा अद्यावधिक समितिमा नगर शिक्षा समिति नै रहने र अद्यावधिक गर्न सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा नगर शिक्षा समितिका विज्ञ सदस्य सानुकाजी महत, सदस्य रत्नकुमारी सेवा, सदस्य प्रअ गायत्री तिमल्सिना र अधिकृत पवित्रा कोइराला रहेको कार्यदल गठन गर्ने उक्त कार्यदलले पुनः सरोकारवालाहरुको सुझाव सङ्कलन, मस्यौदा अध्यावधिक गर्ने अद्यावधिक मस्यौदा उपर प्रअ